# मेलम्ची नगर कार्यपालिकाको मिति २०७४ चैत ८ गतेको बैठकको निर्णयहरु

**निर्णय नं. १ :**

यस मेलम्ची नगरपालिकाको मेलम्ची देखि सिपाघाटसम्मको क्षेत्रलाई औद्योगिक एवं पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि इन्द्रावती करिडोर क्षेत्र भित्र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नको लागि उल्लेखित क्षेत्रको पूर्व संभाब्यता अध्ययन (Pree Feasibility Study) गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डुंडेखोलामा शहरी विकास तथा भवन डिभिजन कार्यालयबाट १५ शैयाको अस्पताल निर्माणको चरणमा रहेको हुँदा उक्त १५ शैयाको निर्माणको चरणमा रहेको अस्पताललाई १५ शैयाबाट २५ शैयामा स्तरवृद्धि गर्न आवश्यक सिफारिस सहित सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

मेलम्ची नगरपालिकाको कार्यालय भवन निर्माणको लागि खम्पाचे/पशुपति/के वी एण्ड स्याङबो जे.भी., चावहिल-६, काठमाडौंसंग ठेक्का सम्झौता भई हाल भवन निर्माणको चरणमा रहेकोमा भवनको ठेक्काको BOQ मा उल्लेख भएको रडको परिमाण, भवनको नक्सा बमोजिम चाहिने भन्दा कम परिमाण रहेकोले उक्त रडको परिमाण थपका लागि मिति २०७४।८।५ मा यस कार्यालयमा सम्बन्धित निर्माण ठेकेदारको तर्फबाट श्री अनिल कुमार तामाङले निवेदन पेश गरेको हुँदा उक्त भवनको ठेक्का सम्बन्धमा छानविन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

(१) मेलम्ची नगरपालिका उप-प्रमुख श्री भगवती नेपाल - संयोजक

(२) मेलम्ची न.पा. ११ नं. वडा अध्यक्ष श्री रूद्र प्रसाद दुलाल - सदस्य

(३) ईन्जिनियर श्री जित बहादुर कार्की - सदस्य

(४) जिल्ला प्राविधिक कार्यालय, सिन्धुपाल्चोक प्राविविधक (इन्जिनियर) - सदस्य

(५) शहरी विकास तथा भवन डिभिजन कार्यालय प्राविधिक (इन्जिनियर) - सदस्य

**निर्णय नं. ४ :**

मेलम्ची नगरपालिका क्षेत्र भित्र नदीजन्य पदार्थहरूको उत्खनन्/संकलन गर्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन गर्नुपर्ने भएकोले यस मेलम्ची नगरपालिकाको ईन्द्रावती नदी र मेलम्ची नदी क्षेत्रका विभिन्न संभाब्य स्थानहरूबाट नदीजन्य पदार्थहरू उत्खनन्/संकलन गर्ने सम्बन्धमा प्रारम्भिक वातावरणीय परिक्षण गर्ने र सो को लागि आवश्यक प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस मेलम्ची नगरपालिका वडा नं. ६ स्थित दोभान बस्ती मेलम्ची नदीबाट कटान हुँदै गएकोले सो को नियन्त्रणको लागि समबन्धित स्थानीयबासीहरूबाट बजेट माग भएको हुँदा उक्त स्थानको स्थलगत अध्ययन गरी प्राविधिक प्रतिवेदन पेश गर्नको लागि मेलम्ची नगरपालिका कार्यालयको प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस मेलम्ची नगरपालिकाका निर्वाचित जनप्रतिनिधी/कर्मचारीहरूलाई क्षमता विकास तालिम संचालनको लागि नगर सभाबाट बजेट विनियोजन भएको र उक्त बजेटबाट पहिलो चरण अन्तर्गत मिति २०७४ चैत्र २० देखि २६ र दोश्रो चरण अन्तर्गत मिति २०७५ वैशाख ७ देखि १३ गतेसम्म आधारभूत कम्प्युटर तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

मिति २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट यस मेलम्ची नगरपालिका वडा नं. १ मा रहेको स्थानीय गैह्र सरकारी संस्था स्वास्थ्य समिति, भोटेचौर (ग्रामीण सामुदायिक स्वास्थ्य केन्द्र) को क्लिनिक भवन र सो भवनमा रहेका मेडिकल यन्त्र तथा उपकरणहरू पूर्ण रुपमा क्षति भएकोमा जापनिज राजदुतावासबाट उल्लेखित संस्थाको मेडिकल यन्त्र तथा उपकरणहरूको पुर्नस्थापनाको लागि रू. ४२,०८,०१२।- (अक्षरूपी बयालिस लाख आठ हजार रूपैयाँ मात्र) को परियोजना स्वीकृत भएकोमो सो रकमको ८०% रकम सम्बन्धित जापनिज राजदुतावासबाट बेहोर्ने र २०% रकम सम्बन्धित समुदायको तर्फबाट समपुरक कोषको रूपमा साझेदारी गर्नुपर्ने भएकोले उक्त समपुरक कोषको रूपमा साझेदारी गर्नुपर्ने रकम रू. ८,४१,६०३।- (अक्षरूपी आठ लाख एकचालिस हजार छ सय तीन रूपैयाँ मात्र) यस मेलम्ची नगरपालिका कार्यालयबाट समपुरक कोषको रूपमा साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

मेलम्ची नगरपालिकाको नगर सभाबाट मेलम्ची नगरपालिका वडा नं. १ स्थित महविर पाटीगाउँ गिरान्चौर सिन्धुखोला मोटर बाटो शिर्षकमा रू. ७,५०,०००।- (अक्षरूपी सात लाख पचास हजार रूपैयाँ मात्र) बजेट विनियोजन भएकोमा उक्त बजेट शिर्षक परिवर्तन गरी भोटेचौर सडक मर्मत संभार उपभोक्ता समिति कायम गर्ने र विनियोजन गरिएको बजेट सडक मर्मत संभार कार्यमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस मेलम्ची नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूको संस्थागत विकास तथा स्तरोन्नती गरी नगरवासीहरूलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक भएकोले यस मेलम्ची नगरपालिका र जापनिज राजदुतावासको संयुक्त साझेदारीमा स्वास्थ्य संस्थाहरूको स्तरोन्नती गर्नको लागि जापनिज राजदुतावासमा अनुरोध गर्ने निर्णय गरियो । साथै सो को लागि आवश्यक सहयोग, समन्वय र प्रस्तावना पत्र तयार गर्नको लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

(१) मेलम्ची नगरपालिका उप-प्रमुख श्री भगवती नेपाल - संयोजक

(२) मेलम्ची न.पा. वडा नं. १ वडा अध्यक्ष श्री कृष्ण प्रसाद चौलागाई - सदस्य

(३) अहेब श्री ज्ञानेन्द्र घोरासैनी - सदस्य